# गौरीगञ्ज गाउँपालिकाको
# विनियोजन ऐन, २०७४

**(गौरीगञ्ज गाउापालिकाको आर्थिक बर्ष : २०७४/२०७५ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चितकोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन)**

गाउँ सभाबाट स्वीकृत मिति: २०७४/०९/२७

**प्रस्तावना:**

गौरीगञ्ज गाउापालिकाको आर्थिक बर्ष : २०७४/०७५ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम गौरीगञ्ज गाउापालिकाको प्रथम गाउा सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:**

१.१ यस ऐनको नाम **"गौरीगञ्ज गाउापालिकाको विनियोजन ऐन, २०७४"** रहेको छ ।

१.२ यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष : २०७४/०७५को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार:**

२.१ आर्थिक वर्ष २०७४।०७५ को निमित्त गाउा कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पाूजिगत खर्च र बित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ५५,१८,४१,११३/- (अक्षेरुपी पचपन्न करोड अठार लाख एकचालीस हजार एक सय तेह्र रुपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजन:**

३.१ यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष : २०७४।०७५ को निमित्त गौरीगञ्ज गाउापालिकाको गाउा कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

३.२ उपदफा (३.१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउा कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको चालु खर्चमा जम्मा रकमको १० प्रतिशत र पूजीगत खर्चमा २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम सााँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्थाअन्तर्गत सााँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी

खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

३.३ उपदफा (३.२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको चालु खर्च तर्फ १० प्रतिशत र पूजीगत खर्च तर्फ २५ प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउासभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूची-१

(दफा २ संग सम्बन्धित)

**नेपालको संविधानको धारा २२९ (२) बमोजिम**
**संञ्चित कोषबाट विनियोजन हुने रकम**

रकम रु. हजारमा

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| 1 | 2 | 3 | 4 | 5 | 6 | 7 |
| 1 | | गाउा कार्यपालिका | १२२०२०.७३३ | ३५६०८५.३८ | | ४७८१०६.११३ |
| 2 | | वडा समिति | | | | |
| 3 | | बिषयगत शाखा | ७३७३५ | - | | ७३७३५ |
| 4 | | ऋणको साावा व्याज भुक्तानी | | | | |
| 5 | | लगानी (शेयर/ऋण) | | | | |
| **जम्मा** | | | **१९५७५५.७३३** | **३५६०८५.३८** | | **५५१८४१.११३** |